# थलारा गाउँपालिकाका उपाध्यक्ष श्री राम बहादुर खातीज्यूले थलारा गाउँपालिका गाउँ सभाको सत्रौं अधिवेशनमा पेश गर्नुभएको आर्थिक वर्ष २०८३/०८४ को बजेट बक्तव्य

## थलारा गाउँपालिका

## गाउँ सभाको सचिवालय

खोली, बझाङ

सुदूरपश्चिम, नेपाल

२०८३ असार ०८

गाउँसभाका अध्यक्ष महोदय,
गाउँ सभाका सदस्यज्यूहरु,
राष्ट्रसेवक कर्मचारीहरु,
सञ्चारकर्मी तथा सम्पूर्ण थलाराबासी दाजुभाई तथा दिदीबहिनीहरु,

1. सर्वप्रथम, थलारा गाउँपालिकाको गाउँसभाको सत्रौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु। नेपालको संविधानले परिकल्पना गरेको समृद्ध नेपाल, सुखि नेपालीको राष्ट्रिय आकांक्षा र थलारा गाउँपालिकाको समुन्नती, दिगो विकास र गुणस्तरीय सार्वजनिक सेवा प्रवाहको लक्ष्य प्राप्ति गर्ने उद्देश्यका साथ आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै गर्वको अनुभुति भएको छ।
2. स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम यस गरिमामय गाउँ सभाको सत्रौं अधिवेशनमा योजना तर्जुमा समिति संयोजकका हैसियतले आर्थिक बर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु।
3. संघीय शासन प्रणाली र समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक शासन वयवस्थन स्थापनाको लागि विभिन्न समयमा भएका राजनीतिक आन्दोलनहरुमा बलिदान गर्नुहुने शहिदहरु प्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु। साथै घाइते, अपाङ्ग तथा वेपत्ता पारिएकाहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।
4. यस बजेट तर्जुमाका क्रममा हामीले नेपालको संविधान, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, स्थानीय तहको एकल तथा साझा अधिकारका बिषयहरु,स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति तथा कार्यक्रम, १६ औं आवधिक योजना, दीगो विकासका लक्ष्य प्राप्तिका लागि राज्यले जाहेर गरेका प्रतिवद्धता, हामीले निर्वाचनको क्रममा जनतासामु व्यक्त गरिएका प्रतिबद्धता, विगतका आर्थिक वर्षहरुमा थलारा गाउँपालिकाले लिएका नीति कार्यक्रम तथा योजना, बस्ती स्तरबाट आएका सुझावहरु, विभिन्न राजनैतिक दलहरु, संघसंस्थाका प्रतिनिधिहरु, गाउँपालिकाबासी सम्पूर्ण दाजुभाइ तथा दिदी बहिनीहरुले विभिन्न माध्यमबाट दिनु भएका राय, सल्लाह तथा सुझावहरुलाई महत्वपूर्ण आधारका रुपमा ग्रहण गरिएको छ।

5. यस बजेटले कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, खानेपानी, रोजगार, पर्यटन, सुशासन तथा सामाजिक सुरक्षालाई प्राथमिकतामा राखिएको छ। स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्दै उत्पादन बृद्धि, रोजगारी सिर्जना तथा गरिबी न्यूनीकरणलाई मुख्य उद्देश्य बनाइएको छ।
6. नेपालको राजनीतिमा उमेरको पुस्तान्तरणसँगै राष्ट्रिय जीवनका सबै आयाममा आमुल रुपान्तरणको उत्कट प्रतिक्षा नागरिकहरुबाट प्रस्तुत भइरहेको सन्दर्भमा नागरिकको आन्तरिक चाहनालाई आत्मसाथ गर्दै नीति, कार्यक्रम, संस्था, पद्दती, प्रक्रिया र सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्ने मानकहरु स्थापित गर्न आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट कटिबद्ध रहेको सहर्ष जानकारी गराउँदै नतिजामा आधारित शासकीय व्यवस्था सञ्चालन हुने गरी यो बजेट तथा कार्यक्रम निर्माण गरिएको छ।
7. मुलुक अहिले बृहत्तर आर्थिक सुधारको निर्णायक मोडमा उभिएको अवस्थामा यस थलारा गाउँपालिकाले पनि दिगो विकासका राष्ट्रिय लक्ष्य, सूचक, जलवायु परिवर्तन, अनुकुलन, राष्ट्रिय कार्यक्रम, लैङ्गिक समानता र समावेशितालाई टेवा पुऱ्याउने उद्देश्यका साथ यो बजेट तथा कार्यक्रम तयार गरिएको छ।
8. स्थानीय उत्पादन र उत्पादकत्व क्षमता अभिवृद्धि गरी समग्रमा परम्परागत कृषि प्रणालीलाई नै व्यवसायीकता उन्मुख बनाउँदै स्थानीय उत्पादनलाई बजारसम्म जोडी नागरिकको आयआर्जनमा स्तरोन्नति हुने अपेक्षा राखिएको छ।
9. यस थलारा गाउँपालिकाको आवधिक योजना र यस अधिको गाउँसभाको बैठकमा पेश भएको नीति कार्यक्रमसँग तादम्य हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयास गरिएको छ। साथै गत विगत बर्षमा बजेट तर्जुमा, कार्यान्वयनमा देखिएका समस्याहरुबाट प्राप्त सिकाइका आधारमा यो बजेट तयार पारी असार ८ गते भित्र नै सबै योजना कार्यक्रम सहितको पूर्ण बजेट पेश गर्न सफल भएका छौं। सिमित स्रोत मार्फत असिमीत नागरिकका अपेक्षा पूर्ति गर्नुपर्ने चुनौतिका बावजुत सरोकारवाला सबै नागरिकहरु, राजनीतिकर्मी, बुद्धिजीवि, समाजसेवि तथा मातहतका निकायको सम्पूर्ण माग र सल्लाह बमोजिम कार्यक्रम समेट्न नसकिएको अवगत गराउँदछु।
10. गाउँपालिकाको समृद्धि र नागरिकहरुको सुख, शान्ति र समुन्नतिका लागि हाम्रो गाउँपालिकाको स्रोत र क्षमताले भ्याएसम्म हामीले अथक प्रयास गर्दै आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट मूख्य रुपमा केन्द्रित रहेको छ।

गाउँसभाका अध्यक्ष महोदय,

गाउँसभाका सदस्यज्यूहरु,

अब म यहाँहरु समक्ष गत आर्थिक वर्ष २०८१/०८२ को यथार्थ आय व्ययको जानकारी गराउने अनुमति चाहन्छु।

11. गत आर्थिक वर्ष २०८१।८२ मा आन्तरिक स्रोत तथा अघिल्लो बर्षको सरी आएको मौज्दातबाट २ करोड ५ लाख ८३ हजार ३ सय ७४ र संघीय सरकारबाट अन्तरसरकारी वित्तीय हस्तान्तरण रु. ३३ करोड ६५ लाख ४६ हजार, प्रदेश सरकारबाट अन्तरसरकारी वित्तीय हस्तान्तरण रु. ३ करोड ५३ हजार एवम् राजश्व बाँडफाँडबाट ८ करोड ८२ लाख ७३ हजार गरी कुल ४० करोड २३ लाख ५२ हजार ४ सय ११ आय भएको देखिन्छ। यसैगरी, व्यय तर्फ कुल ४८ करोड ५२ लाख ९३ हजार रहेको देखिन्छ।

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

अब म चालु आर्थिक वर्ष २०८२/०८३ को यथार्थ आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

12. चालु आर्थिक वर्ष २०८२।८३ को प्रक्षेपित कुल आय रु. ४७ करोड ७० लाख २३ हजार मध्ये जेठ मसान्तसम्म रु. ४१ करोड २९ लाख ५ हजार ७ सय ९३ रुपैया २२ पैसा प्राप्त भएकोछ। जसमध्ये, आन्तरिक स्रोतबाट ४४ लाख ५ हजार, संघीय र प्रदेश अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट ३७ करोड ४९ लाख ८७ हजार एवम् राजश्व बाँडफाँडबाट ८ करोड ५२ लाख ८६ हजार ७ सय ६० रुपैया प्राप्त भएको छ। गत वर्षको मौज्दात १ करोड ७ लाख ५८ हजार रहेको छ।

13. त्यसैगरी, व्ययतर्फ चालु आर्थिक वर्ष २०८२।०८३ को जेठ मसान्तसम्म २९ करोड ८५ लाख ३४ हजार ९७ रुपैया खर्च भएको छ । जुन व्यय अनुमानको ६२ दशमवल ५८ प्रतिशत मात्र हुन जान्छ । जेठ मसान्तसम्म भएको कूल खर्च मध्ये चालु तर्फ रु २४ करोड ९ लाख ७९ हजार ९५ रुपैया अर्थात ७० दशमवल ६३ प्रतिशत र पूँजिगत तर्फ रु. ५ करोड ७५ लाख ५५ हजार १ रुपैयाँ अर्थात ४२ दशमबल ३६ प्रतिशत खर्च भएको छ। चालु खर्चमा सामाजिक सुरक्षा कार्यक्रमको रु. ९ करोड ४ लाख ९९ हजार ८ सय ९२ समावेश गरिएको छैन।

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

अब म बजेट प्रणालीमा देखा परेका विद्यमान चुनौतीहरुको चर्चा गर्ने अनुमति चाहन्छु।

१. स्थानीय तहको आफ्नै राजश्व स्रोत कमजोर हुदा संघीय तथा प्रदेश अनुदानको आधारमा वजेट निर्माण गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्ने अवस्था छ। संघीय सरकारवाट ससर्त अनुदान समपुरक अनुदान र विशेष अनुदान वाफत प्राप्त योजना कार्यान्यिन गराउन नसक्दा वजेट फ्रिजहुने योजना अलपत्र पर्ने गरेको अवस्था रहेको छ।

२. चालु आर्थिक बर्षमा तथ्याङ्क आवश्यकता र स्रोतको यथार्थ पुर्वानुमान हुन नसक्दा बजेट विनियोजन भएका कतिपय योजनाहरुलाइ पुर्णता दिन नसकिएको अवस्था छ र गाउँपालिकाले गत आर्थिक वर्षमा नै ठेक्का सम्झौता गरिएका तर निर्माण व्यवसायीले कार्यान्वयनमा ढिलासुस्ती गरि चालु आर्थिक वर्षसम्म पनि कुनै प्रगति विवरण पेश नभएका योजनाहरुलाइ कानुनको दायरामा ल्याइ कार्यान्वयन गराउनु मुख्य चुनौती रहेको छ। जसले गर्दा पुजीगत तर्फ वित्तीय प्रगति प्रत्येक वर्ष लक्ष्य अनुरुप हासिल हुन सकेको छैन। अर्को तर्फ विगत देखि निर्माणाधिन योजनाहरु तोकिएको समयभित्र सम्पन्न नहुँदा भुक्तानी दायित्त्व अर्को आर्थिक वर्षमा सर्दै गई आर्थिक भार थपिदै जानुले गाउँपालिकाले नयाँ गौरब र ठूला आयोजनाहरुको सुरुवात हुन समस्या हुने गरेको छ।

३. राजश्व बाँडफाँडबाट प्राप्त हुने आय लक्ष्य भन्दा न्यून प्राप्त हुने, समयमा प्राप्त नहुने प्रवृतिले प्राथमिकता प्राप्त क्षेत्रमा लगानी बढाउन सकिएको छैन्। यसरी बजेट सिमा भन्दा निकासा कम हुन गइ गत आर्थिक बर्षमा २० लाख भन्दा बढी रकम आर्थिक बर्षको अन्त्यमा भुक्तानी बाँकी रहन गइ चालु आर्थिक बर्षमा दायित्व सरेको थियो।

४. बजेटको ठुलो परिमाण नेपाल सरकार, प्रदेश सरकार लगायत अन्य सरकारी तथा गैहसरकारी संघसंस्थाहरुको सहकार्यमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि लागत साझेदारी वापत व्यहोर्नु पर्ने स्थिति रहेकोछ।

५. गाउँपालिकाको आन्तरिक स्रोत न्युन रहेको र विकास कार्यक्रमका लागि प्राप्त भएको वित्तीय समानीकरण अनुदान वाट नै विभिन्न सामुदायीक विद्यालयका शिक्षक कर्मचारी वडा कार्यालय, स्वास्थ्य, कृषि लगायत गाउँपालिकाको विभिन्न शाखा अन्तर्गत करार कर्मचारीको तलब भत्ताका लागि निरन्तर ठूलो रकमको व्ययभार थपिएको छ।

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

माथि उल्लेखित चुनौतिलाई मनन गर्दै सरकारी, निजी, गैर सरकारीक्षेत्र, सहकारी क्षेत्र र विकास साझेदारहरुको सहकार्य र सहयोगमा उपलब्ध सार्वजनिक स्रोत साधनको अधिकतम परिचालन गर्दै गाउँपालिकाको सर्वाङ्गीण विकास गर्न बजेटका उद्देश्य तथा प्राथमिकताहरु निम्न अनुसार तय गरेकोछु।

आर्थिक वर्ष २०८३।०८४ को बजेटका उद्देश्यहरु:

- कृषि पशुपालन तथा उद्यमशिलताको विकास मार्फत उत्पादन र उत्पादकत्व बृद्धि गर्दै स्थानीय अर्थतन्त्रलाइ सुदृढ गर्ने
- गुणस्तरिय शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइ सेवामा सवै नागरिकको पहुच सुनिश्चित गर्ने
- दलित, महिला जनजाति, अपाङ्गता भएका व्यक्ति, गरिब तथा सिमान्तकृत समुदायको जीवनस्तर उकास्न विभिन्न कार्यक्रम सञ्चालनका साथै बहुप्रकोपको जोखिमबाट हुने क्षति न्यूनीकरणको लागि समन्वय सहकार्य गर्ने
- सडक सिचाइ विधुत्त सञ्चार तथा अन्य भौतिक पुर्वाधारको विकास र विस्तार गर्ने
- गुणस्तरीय र दिगो पूर्वाधार निर्माण मार्फत गाउँपालिकालाई "बसोबास योग्य र समुन्नत गाउँपालिका" को रुपमा विकास गर्ने।
- स्थानीय स्रोत साधन र सम्भावनाको दिगो उपयोग गरि समावेशी तथा सन्तुलित विकास हासिल गर्ने
- पर्यटन संस्कृति तथा प्राकृतिक सम्पदाको संरक्षण सम्वर्धन र प्रवर्धन गर्ने ।
- वातावरण संरक्षण जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम न्युनिकरणका कार्यक्रम लाई प्रभावकारी बनाउने
- सुशासन पार्दर्शिता उत्तरदायित्व र जनसहभागितामा आधारित सेवा प्रवाहलाइ सुदृढ गर्ने ।

**आर्थिक वर्ष २०८३।०८४ को बजेटका प्राथमिकताहरु** :

- कृषि र पशुपालनमा व्यवसायीकता
- गुणस्तरिय शिक्षा तथा मानव स्रोत विकास

- ❖ आधारभुत स्वास्थ्य सेवामा सवै नागरिकको पहुच सुनिश्चितता
- ❖ गुणस्तरिय आधुनिक भौतिक पुर्बाधार निर्माण
- ❖ रोजगारी सिर्जना उद्दमशिलता तथा आर्थिक विकासका कार्यक्रम सञ्चालन
- ❖ लक्षित वर्ग र समुदायको शशक्तिकरण र क्षमता विकास
- ❖ पर्यटन सस्कृती र स्थानीय सम्पदाको संरक्षण
- ❖ वातावरण संरक्षण जलवायु परिवर्तन अनुकुलन तथा विपद व्यवस्थापन
- ❖ सुशासन पारदर्शिता डिजिटल सेवा तथा संस्थागत क्षमता विकास
- ❖ राजश्व परिचालन वित्तिय अनुसासन तथा परिणाम मुखी वजेट कार्यान्यन ।

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तावित बजेटका क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

1. आर्थिक विकास क्षेत्र

स्थानीय अर्थतन्त्रको सुदृढीकरण, उत्पादन वृद्धि तथा रोजगारी सिर्जनालाई केन्द्रमा राखी निम्न उपक्षेत्रहरूमा बजेट विनियोजन गरिएको छः

क) कृषि विकास

- ➢ कृषि उत्पादन वृद्धि तथा खाद्य सुरक्षाका लागि उन्नत बीउबिजन वितरण, कृषि सामग्रीमा अनुदान तथा प्राविधिक सेवा विस्तार गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- ➢ व्यावसायिक तरकारी, फलफूल, मसला तथा नगदे बाली उत्पादनलाई प्रोत्साहन ग  कैंृषक समूह, कृषि प्रणालीमा आबद्ध सहकारी संस्था तथा अन्य कृषकहरुको लागि अनुदानमा आधारित कृषि यान्त्रिकरण कार्यक्रम सञ्चालन गर्न र आवश्यक कृषि प्राविधिकको तलब भत्ताको लागि रु ३७ लाख बजेट विनियोजन गरेको छु।

ख) पशुपन्छी विकास

- पशु स्वास्थ्य शिविर सञ्चालन, खोप सेवा विस्तार तथा पशु उपचार कार्यक्रमलाई बजेटमा प्राथमिकताको क्षेत्र अन्तर्गत राखि आवश्यक बजेट विनियोजन गरेको छु।
- बाख्रा, भैँसी, गाई तथा कुखुरा पालन व्यवसायलाई प्रोत्साहन गर ी आवश्यक पशु स्वास्थ्य बीमा कार्यक्रम र उन्नत नस्ल सुधार तथा पशुजन्य उत्पादन वृद्धि कार्यक्रम सञ्चालन गर्नको लागि रु ३५ लाख बजेट विनियोजन गरेको छु।

ग) सहकारी तथा वित्तीय पहुँच

- सहकारी संस्थाको क्षमता अभिवृद्धि तथा उत्पादनमूलक क्षेत्रमा लगानी अभिवृद्धि गरिनेछ। साथै वित्तीय साक्षरता तथा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन प्रभावकारी ढङ्गले अगाडी बढाई उत्पादनमा आधारित र स्वरोजगार उन्मुख कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

घ) पर्यटन विकास

- परम्परागत लोक भाका डेउडा संस्कृतिको संरक्षण गर्दै बझाङ्गी संस्कृतिको प्रचारप्रसार गर्न स्थानीय चाडपर्व मेला, सांस्कृतिक कार्यक्रमहरुका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- **चालु आर्थिक वर्षको "पर्यटनमा लगानी, सम्वृद्धिको बिहानी"** भन्ने नारालाई निरन्तरता दिदै प्रदेश सरकारबाट यस थलारा गाउँपालिका अन्तर्गत रहेका विभिन्न पुरातात्विक, धार्मिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि रु ६५ लाख बजेट विनियोजन गरेको छु।
- पर्यटकीय स्थलहरूको पूर्वाधार विकास तथा प्रचारप्रसार गर्नको लागि गैर-सरकारी संस्था, तथा विकास साझेदारहरुसँग आवश्यक समन्वय गरी पर्यटन विकासमा जोड दिइनेछ।

ङ) उद्योग तथा उद्यम विकास

- स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थमा आधारित लघु तथा साना उद्योग प्रवर्द्धनका लागि वडा नं ३ खुइधार क्षेत्रमा औद्योगिक ग्राम घोषणा गरी पूर्वाधार निर्माण कार्य सुरु गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- स्थानीयस्तरमा रहेको प्रविधिको प्रयोग गरी गरिबी निवारण कार्यक्रम सञ्चालन गर्न र सम्भाव्य उत्पादन, उत्पादकत्व र बजार प्रतिष्पर्धा बृद्धि गर्नका लागि आधुनिक प्रविधि हस्तान्तरण गर्ने, न्यूनतम रोजगारीको प्रत्याभुति, सिप विकास उद्यमशिलता प्रवर्द्धन, पुनः एकीकरण सम्बन्धी

क्रियाकलाप सञ्चालन गर्न संघीय सशर्त अनुदान बाफत प्राप्त रकम रु १४ लाख ७ हजार बजेट विनियोजन गरेको छु।

२. सामाजिक विकास क्षेत्र

मानव विकास सूचकाङ्क सुधार तथा सामाजिक न्याय कायम गर्ने उद्देश्यले निम्न उपक्षेत्रमा बजेट विनियोजन गरिएको छः

क) शिक्षा

- विद्यालयको प्रशासनिक कामकाज तथा शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित गर्न सामुदायिक विद्यालयहरुमा इन्टरनेट, पर्याप्त फर्निचर, विज्ञान प्रयोगशाला, कम्प्युटर तथा स्मार्ट बोर्ड जस्ता शैक्षिक पूर्वाधार विस्तारका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- विद्यार्थीहरुमा लुकेर रहेको प्रतिभालाई प्रष्फुटन, पहिचान र प्रवर्दधन गर्न वडा तथा पालिका स्तरीय विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम गर्नुका साथै टुहुरा वालकालिकालाई निःशुल्क पठन पाठनको व्यवस्था गरी पालिकाले अभिभावकत्व ग्रहण गर्ने नीतिको कार्यान्वयनको लागि आवश्यक बजेटको प्रवन्ध गरिएको छ।
- सामुदायीक विद्यालयको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण तथा प्रतिवेदन तयारी कार्यक्रमका लागि १४ लाख ७६ हजार बजेट विनियोजन गरेको छु।
- विद्यालयको भौतिक पूर्वाधारलाई थप सुदृढीकरण गर्न र आगामी आर्थिक वर्ष भित्र विद्यालय घेरबार कार्यक्रम सम्पन्न गरी सक्ने लक्ष्यका साथ बाँकी रहेका सामुदायीक विद्यालयहरुमा घेरबार निर्माण गर्न रु ४० लाख बजेट विनियोजन गरेको छु।
- चालु आर्थिक वर्षमा निर्माणाधिन रहेका ४ वटा माध्यमिक विद्यालय भवनलाई पूर्णता दिन आवश्यक बजेट विनियोजन गरेको छु।
- विद्यालय छोड्ने दर न्यूनीकरण तथा सिकाइ उपलब्धि वृद्धि कार्यक्रम सञ्चालन गर्नको लागि विद्यालय शिक्षालाई डिजिटल बनाई सम्पूर्ण विद्यार्थीहरुको डिजिटल पहुँच सुनिश्चितताको लागि आवश्यक पहल गरिनेछ।

ख) स्वास्थ्य

- सबै वडा आयुर्वेदिक उपचार पद्धतिको सेवाको पहुँच विस्तारका लागि औषधी खरिद तथा गाउँघर क्लिनिक संचालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छ।
- नसर्ने रोगहरु र मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको समयमै पहिचान गरी परामर्श र उपचार सेवा पाउने व्यवस्था मिलाईने छ। ज्येष्ठ नागरिकहरुको स्वास्थ्यलाई विषेश प्राथमिकता दिँदै ज्येष्ठ नागरिकहरुलाई घर घरमा गई स्वास्थ्य परीक्षण गर्नका लागि मासिक रुपमा संचालन गरिदै आएको " **ज्येष्ठ नागरिकलाई घरघरमा स्वास्थ्य सेवा कार्यक्रम "** को दायरा विस्तारका लागि बजेट विनियोजन गरेको छु ।
- सुनौला १००० दिन भित्रका बच्चाहरु तथा आमाको पोषण अवस्थालाई सुधार गर्न, बालबालिकालाई कुपोषण बाट बचाउन पोषण सम्बन्धि विविध सचेतानामूलक कार्यक्रम गरिने छ । स्वास्थ्य आमा समुहको मासिक बैठकमा स्वास्थ्यकर्मीहरुको अनिवार्य उपस्थिति गराई पोषण सम्बन्धी छलफल गराई तरकारी लगायत हरिया सागपात उत्पादनमा जोड दिन कृषि विकास शाखासँग सहकार्य गरी कार्यक्रमहरु संचालन गरने छ । "**विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम "** लाई थप सुधार गरिदै लगिने छ । पोषणमैत्री स्वास्थ्य संस्था, पोषणमैत्री वडा र पालिका घोषणका लागि आवश्यक सुचकहरु हाँसिल गर्न समुदायस्तरमा पोषण कार्यक्रम संचालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुबाट गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरुबाट निःशुल्क वितरण गरिने औषधीहरु नियमित तथा पर्याप्त मात्रामा उपलब्ध हुने व्यवस्था मिलाईने छ। औषधी खरिदका लागि पालिकाबाट थप बजेट विनियोजन गरेको छु।
- समुदाय स्तरको स्वास्थ्य सुधारका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको भूमिकालाई उच्च मुल्यांकन गर्दै खोप,गाउँघर क्लिनिक,स्वास्थ्य आमासमुहको नियमित बैठक लगायतका कार्यक्रममा थप सक्रियता बढाउन प्रयत्न गरिनेछ ।

ग) खानेपानी तथा सरसफाइ

- खानेपानीको सहज पहुँच पुग्न नसकेका वस्तीका सबै नागरिकलाई स्वच्छ खानेपानीको पहुँचम ा ल्याउन खानेपानी आयोजनाको निर्माण तथा मर्मत सम्भारका आयोजनाहरु संचालनका लागि वडा मार्फत आवश्यक बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

- बाढी पहिरो लगायत विपदबाट क्षति भएका खानेपानी आयोजनाको मर्मत सम्भार, संरक्षण तथा दिगोपना कायम गर्न खानेपानी आयोजनाहरुको मर्मत सम्भार शिर्षकमा आवश्यक बजेट विनियोजन गरेको छु।
- थलारा गाउँपालिका अन्तर्गत गुगै, सक्काडाबाज, फकाली, बिजडा, मोयल, उम्रा, मोतिपुर टोलको खानेपानी योजनाका लागि रु ३० लाख ५० हजार रकम विनियोजन गरेको छु।
- सम्पूर्ण नागरिकहरुलाई गुणस्तरीय खानेपानी, सरसफाई तथा स्वच्छताको सुनिश्चितता गर्न खानेपानी सरसफाई तथा स्वच्छता योजना अद्यावधिक गर्न रु ४ लाख बजेट विनियोजन गरेको छु।
- खानेपानी आयोजनाहरुको निर्माण गर्दा एक घर एक धारा को नीतिलाई कार्यान्वयन हुने गरी बजेट विनियोजन गरेको छु।

घ) महिला तथा बालबालिका

- महिला तथा दलित विरुद्द हुने सबै प्रकारका भेदभाव अन्त्य गरी सामाजिक न्याय कायम गर्न, महिला सशक्तीकरण, महिलाको सिप विकास मार्फत आयआर्जन वृद्धि गरी आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम तर्जुमा गरेको छु।
- महिला बिशेष कार्यक्रम अन्तर्गत वडागत रुपमा तिज, महिला दिवस लगायत दिवस तथा कार्यक्रम संचालन, स्वरोजगारमा लाग्न चाहने महिलाहरुलाई सीप विकास तालिम र आयआर्जनमूलक सामग्री सहयोगका आवश्यक बजेट विनियोजन गरेको छु।
- व्यवसाय गर्न चाहने दलित समुदायलाई सीप विकास तालिम तथा लागत साझेदारीमा आवश्यक सामग्री सहयोग गरी स्वरोजगार अभिवृद्धिका लागि बजेट व्यवस्था गरेको छु।
- बालअधिकार संरक्षण, बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रमलाई जोड दिदै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

ङ) युवा तथा खेलकुद

- जिल्ला स्तरिय र गाउँपालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र प्रत्येक वडामा मेला चाडपर्वका लागि बजेट व्यवस्था गरेको छु।
- पालिकास्तरीय अध्यक्ष कप खेलकुद कार्यक्रम र अन्तरपालिका स्तरीय खेलकुद कार्यक्रममा सहभागी हुनका लागि रु १५ लाख बजेट विनियोजन गरेको छु।
- युवा नेतृत्व विकास तथा स्वरोजगार कार्यक्रम सञ्चालन गर ी पालिका भित्र नै आवश्यक रोजगारी सिर्जना गर्न बजेट विनियोजन गरेको छु।

३. पूर्वाधार विकास क्षेत्र

गाउँपालिकाको समग्र विकासका लागि पूर्वाधार क्षेत्रलाई उच्च प्राथमिकतामा राखिएको छ।

क) सडक तथा यातायात

- गाउँपालिका केन्द्र तथा वडा केन्द्र जोड्ने सडकको स्तरोन्नति गर्न, ग्रामीण सडक, गोरेटो बाटो तथा कृषि सडक निर्माण गर ीयातायातमा कृषकको पहुँच विस्तार गर्न रु १ करोड बजेट विनियोजन गरेको छु।
- पालिका भित्रका सबै वडाहरुलाई जोड्ने मूख्य सडक संजालहरुलाई मर्मतसंभार तथा स्तरोन्नति गरी  बाह्रै महिना संचालनमा ल्याउन पालिको आफ्नो मेसिन प्रयोगका लागि रु २५ लाख बजेट विनियोजन गरेको छु ।
- जयपृथ्वी (सेती राष्ट्रिय राजमार्ग)देखि पालिका केन्द्रसम्म आगामी आर्थिक वर्ष भित्र सडकस्तरोन्नति गर्न आवश्यक बजेट को प्रवन्ध मिलाएको छु।

ख) भवन तथा सहरी पूर्वाधार

- निर्माणाधिन आयोजना समयमै सम्पन्न गर्ने तथा अधुरा आयोजनालाई पूर्णता दिन आवश्यक व्यवस्था मिलाईनेछ।
- यस थलारा गाउँपालिका अन्तर्गत रहेको मालुमेला स्वास्थ्य चौकी भवन निर्माण लागि रु ५० लाख, ३ नं. वडा कार्यालय दिपिलको भवन निर्माणका लागि रु ८३ लाख ७५ हजार, ४ वटा सामुदायीक विद्यालयमा भवन निर्माणका लागि रु ७३ लाख ९४ हजार ४ सय रकम विनियोजन गरेको छु।

ग) सिंचाइ

- सिचाई सुविधा नपुगेका कृषि भूमिमा सिचाई सुविधा विस्तारका लागि सिचाइ नहर, पोखरी, पाइप सिचाई जस्ता सिचाई पूर्वाधारको निर्माण तथा मर्मतसम्भार गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- सडिल सिचाई र सडिल जिउला सिचाई कुलो निर्माणका लागि रु ३० लाख ३० लाख, झ्याबगर सिचाई आयोजना थलारा ९ मा रु १५ लाख, कडायत मल्लो भाडि सिचाई कुलो थलारा ६ मा रु १५ लाख, पनेरा चिउरी काट्ने सिचाई योजना थलारा ९ मा रु १० लाख, तल्लो बगड खेत सिचाई योजना थलारा १ मा रु १० लाख, दिपिल, रेगम, घट्टेखोला, कौसाडी, सेराली, तोला, श्रीजिउला सिभाई नहर निर्माणका लागि रु २० लाख ५० हजार बजेट विनियोजन गरेको छु।

घ) सूचना, सञ्चार तथा ऊर्जा

- नागरिकहरुको सार्वजनिक सूचनामा पहुँच अभिवृद्धि गर्न गाउँपालिकाको वेबसाइट, फेशबुक पेज ट्वीटर जस्ता सामाजिक सञ्जाललाई नियमित रुपमा अपडेट गर ी कार्यालयका गतिविधिहरुलाई नियमित रुपमा सार्वजनिक गरिने छ। सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक लेखापरिक्षण लगायत सुशासनका कार्यक्रम संचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।
- गाउँपालिका बाट प्रवाह गरिने सम्पुर्ण सेवाहरुलाई सुचना तथा सञ्चार प्रविधिमैत्री बनाउन SMS Gate Way, एकीकृत कार्यालय व्यवस्थापन प्रणाली, इ हाजिरी, विद्युतीय अनुगमन प्रणाली जस्ता प्रविधिको प्रयोगलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाएको छु।
- थलारा गाउँपालिकाको विद्युतीकरण हुन बाँकी रहेका बस्तीहरुमा विद्युत प्राधिकरणलाई आवश्यक पहल गर्ने र पालिकाबाट विद्युतिकरण गर्नका लागि रु ४० लाख बजेट विनियोजन गरेको छु।
- ऊर्जाको रुपमा प्रयोग हुदै आएका दाउरा तथा ग्याँस सिलिण्डरको प्रयोगलाई निरुत्साहित गरी विद्युतीय इन्डक्सन चुलो लगायतका नविकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्न बजेट व्यवस्था गरेको छु।
- नेपाल टेलिकमसँग समन्वय गरी गाउँपालिका भित्र बाँकी रहेका सरकारी कार्यालय र गाउँ वस्तीमा Fiber इन्टरनेट सेवा विस्तारकाआवश्यक बजेट विनियोजन गरेको छु।

४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

- सम्भावित विपद् जोखिम् स्थानहरुको भौगर्भिक अध्ययन मार्फत पहिचान र नक्सांकन गर ी सकेकाले जोखिम् कम गर्नको लागि विभिन्न निकायहरुसँग लागत साझेदारी गरी पूर्वसूचना प्रणालीको स्थापना र विकास गर्ने व्यवस्था गरेको छु।
- विपद् जोखिम न्यूनीकरण, प्रतिकार्य राहत उद्दार र पुन :निर्माण, स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र (LEOC) को स्थापना तथा सञ्चालन लगायत विपद व्यवस्थापन सँग सम्बन्धित कार्यका लागि विपद व्यवस्थापन कोष तर्फ रु ३० लाख बजेट विनियोजन गरेको छु।
- गाउँपालिका भित्र बाढी, पहिरो ग्रस्त स्थानहरुको नक्साङ्कन गरी बायोइन्जिनियरिङ्ग गरी बाढी पहिरो रोकथाम गर्न रु ३ लाख बजेट विनियोजन गरेको छु।

५. **सार्वजनिक सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन**

- स्थानीय तहबाट प्रदान गरिने सबै किसिमका सेवालाई पहुँचयोग्य, सेवाग्राहीमैत्री, जनउत्तरदायी, पारदर्शी, पूर्वानुमानयोग्य तथा सरलीकृत गर्दै "सुशासन नै सार्वजनिक सेवा प्रवाहको आत्मा गुणस्तरीय सेवा प्रदान गर्ने जिम्मेवारी अब हाम्रै हातमा" भन्ने नारालाई मुलमन्त्रको अवलम्बन गरिनेछ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनको आधारमा पुरस्कार, दण्ड र करार नवीकरण गर्ने पद्धति अवलम्बन गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छु।
- सार्वजनिक सेवा प्रवाहलाई विकेन्द्रीकरण गर्दै नागरिकको घरदैलोमा पुऱ्याउन वडा स्तरमा घुम्ती शिविरहरु संचालन, बजार अनुगमन, गाउँपालिकाद्वारा हाल सम्म जारी ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन लगायतका कानुनी दस्तावेजहरू समयानुकुल संशोधन परिमार्जन लगायतका कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।
- कार्ययोजना बनाइ बेरुजु फछ्र्यौटलाई तिब्रता दिने र सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाई सुशासन अभिवृद्धिका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- आन्तरिक आयका स्रोतहरूको पहिचान तथा परिचालन गर्नुका साथै कर प्रशासनलाई व्यवस्थित तथा प्रभावकारी बनाउनका लागि आवश्यक पहल गरिनेछ।

गाउँ सभाका अध्यक्ष महोदय,
गाउँ सभाका सदस्यहरु,

अब म माथि उल्लेखित कार्यक्रम कार्यान्वयनका लागि बजेट व्यवस्थापन र स्रोत प्रस्तावित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

९. आर्थिक वर्ष २०८३/०८४ का लागि कुल रु. ५० करोड ७६ लाख ९४ हजार विनियोजन गरिएको छ। जसमध्ये कुल खर्चमा चालु तर्फ रु ३५ करोड १ लाख ८५ हजार जून कूल बजेटको ६८.९७ प्रतिशत हुन जान्छ। पूँजीगत तर्फ रु. १५ करोड ७५ लाख ९ हजार जुन कूल बजेटको ३१.०३ प्रतिशत विनियोजन हुने व्यवस्था मिलाएको छु।

१०. आर्थिक वर्ष २०८३/०८४ का लागि कुल खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजश्व परिचालनबाट अनुमानित रु ७५ लाख , आर्थिक बर्ष २०८२।०८३ को विनियोजनबाट बचत हुने अनुमानित रु ५५ लाख, राजश्व बाँडफाँड भई संघीय सरकारबाट प्राप्त हुने अनुमानित अनुदान रु ८ करोड ५९ लाख ८६

हजार, राजश्व बाँडफाँड भइ प्रदेश सरकारबाट पाप्त हुने सवारी साधन कर अनुमानित रु २६ लाख ४९ हजार, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान अनुमानित रु १० करोड ७० लाख, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान अनुमानित रु १ करोड २ लाख १२ हजार, नेपाल सरकारबाट सशर्त बिशेष तथा समपुरक अनुदान गरी रु २४ करोड ६९ लाख र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त समपुरक र बिशेष अनुदान गरी कुल अनुमानित रु ३ करोड ६८ लाख ४७ हजार प्राप्त हुने अनुमान गरेको छु।

११. आगामी आर्थिक वर्षका लागि अनुमानित आय र व्ययको रकम बराबर हुने गरी विनियोजन गरेको छु। प्रस्तुत बजेटको अनुमान सन्तुलित बजेटको सिद्धान्त अनुसार आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर तर्जुमा भएको व्यहोरा यस सम्मानित गाउँ सभा समक्ष जानकारी गराउन चाहन्छु।

१२. खर्च तर्फ विषयगत योजना तथा कार्यक्रमगत विस्तृत विवरण गाउँ सभाबाट पारित भै सकेपछि सार्वजनिक गर्ने व्यवस्था मिलाएको छु। व्ययको चालु प्रशासनिक खर्च तर्फ नेपाल सरकारले तोकेको राष्ट्रसेवक कर्मचारीहरुको तलब, जनप्रतिनिधि, कर्मचारीको सेवा, सुविधाका साथै गाउँपालिकाबाट उपलब्ध हुने सेवा, सुविधा समेत गरी कार्यरत सम्पूर्ण स्थायी तथा करार कर्मचारीहरुको तलब, भत्ता र अन्य सुविधा वापतको रकम समावेश गरेको छु। विकास खर्चलाई चालु खर्चमा परिवर्तन गर्न नपाउने, प्रशासनिक खर्चको भार घटाउँदै लैजाने, खरिद प्रक्रियालाई पारदर्शी, प्रतिस्पर्धी बनाउँदै तोकिएको समयभित्रै कार्य सम्पन्न हुने गरी बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

गाउँ सभाका अध्यक्ष महोदय,
गाउँ सभाका सदस्यहरु,

१३. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य प्रचलित कानून बमोजिम मैले सम्मानित गाउँ कार्यपालिकाको बैठकको सर्वसम्मत निर्णय बमोजिम आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि बजेट तथा कार्यक्रम तर्जुमा गरी यस सम्मानित गाउँ सभा समक्ष प्रस्तुत गरेको छु । बजेट तथा कार्यक्रम तर्जुमा गर्दा हाम्रा क्षेत्रगत विकास नीतिहरुलाई मूल आधारको रुपमा लिएको छु। हामीलाई उपलब्ध सीमित साधन स्रोतका कारण गाउँबासीले टोलवस्तीबाट हुँदै वडास्तरबाट माग गरी पठाएका कार्यक्रमहरु पूर्ण रुपमा आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रममा सम्बोधन गर्न नसक्ने हुँदा सम्बोधन हुन छुट भएका कार्यक्रमलाई आगामी बर्षको बजेट, संघीय तथा

प्रदेश सरकारसँग माग गरी क्रमशः कार्यान्वयन गर्दै लैजान पहल गरिने प्रतिवद्धता समेत यस सम्मानित गाउँ सभा समक्ष गर्दछु ।

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

१४. अब म सम्मानित गाउँ सभा समक्ष मैले माथि प्रस्तुत गरेको गाउँपालिकाको गत वर्ष २०८१।८२ को यथार्थ आय र व्यय, चालु आर्थिक वर्ष २०८२/०८३ को संशोधित आय र व्यय, आगामी आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आय र व्ययको विवरण सम्मानित गाउँ सभामा घनिभूत छलफल भै पारित हुनका लागि प्रस्ताव गर्दछु।

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

१५. प्रस्तुत कार्यक्रम तथा बजेट तर्जुमाका लागि आफ्नो अमूल्य राय, सुझाव दिनु हुने गाउँ कार्यपालिकाका सदस्यहरू, टोल वस्तीमा गई नागरिकका समस्यालाई यहाँ सम्म पुऱ्याउनुहुने वडा समितिका पदाधिकारीहरु, सबै विषयगत समितिका संयोजक एवम् सदस्यहरु लगायत सबै महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। बजेटको नीति, सिद्धान्त र प्राथमिकतामा घनिभूत छलफल गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सुझाव, सल्लाह दिनु हुने गाउँ कार्यपालिकाको कार्यालयका सम्पूर्ण कर्मचारी, शाखा प्रमुख, शिक्षक, उद्यमी, व्यवसायी, समाजसेवी, बुद्धिजिवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवा, पत्रकार मित्रहरु लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

१६. अन्त्यमा, प्रस्तुत भएको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमका प्राथमिकता प्राप्त कार्यक्रमहरु साझेदारी र सहकार्यमा कार्यान्वयनका लागि सहयोग गरि दिनु हुन नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, अन्य स्थानीय तह, राजनीतिक दल, सम्पूर्ण बुद्धिजीवी एवम् प्रबुद्ध वर्गहरु, आम गाउँबासी आमा बुबा दाजु भाई दिदी बहिनीहरु, मतदाता, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ निकाय, सम्पूर्ण कर्मचारी, सञ्चार जगत तथा नागरिक समाज लगायत स्रोत परिचालन, कानूनी सहायता, प्राविधिक तथा परामर्श क्षेत्रमा क्रियाशील संघसंस्थाहरु समक्ष हार्दिक अनुरोध गर्दछु।

धन्यवाद !

२०८३ असार ०८ सोमवार,